





PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com








❖ वर्ष ३४ ❖ २०७८ साउन १३ गते बुधवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 28 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३३०


## निषेधाज्ञामा रातारात ५६ जनाको जग्गापास

प्रस, परवानीपुर, १२ साउन/

भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले निषेधाज्ञा अवधिमा पनि घूस लिएर केही सेवाग्राहीको काम गरेको रहस्य खुलेको छ।

गत वैशाख १६ देखि असार ६ गतेसम्म पर्सामा निषेधाज्ञाको कारण भीडभाड हुने अधिकांश सरकारी कार्यालय बन्द रहेको अवस्थामा सेवाग्राहीसँग लाखौं रुपैयाँ घूस लिएर कर्मचारीहरूले जग्गापास गरेको भूमिसुधार तथा मालपोत विभागको स्रोतले बताएको छ।

सो अवधिमा कर्मचारी र केही लेखनदासको मिलेमतोमा ५६ वटा जग्गासम्बन्धी काम भएको विभागकै उच्च अधिकारीले बताएका छन्। सो अवधिमा मालपोत कार्यालय, पर्साको चलानी रजिस्टरमा पनि जग्गासम्बन्धी काम भएको विवरण उल्लेख गरिएको छ। बैंकको रोक्का, दृष्टिबन्धक, लेखत, रजिस्ट्रेशनलगायत विभिन्न काम भएको बताइएको छ। रोक्का र दृष्टिबन्धक रु ५० हजार र जग्गापासको काम रु १ लाख लिएर गरिएको बताइएको छ।

मालपोत कार्यालय, पर्साका प्रमुख वासुदेव खतिवडाले आफूलाई यस विषयमा जानकारी नभएको बताए। उनले आफू निषेधाज्ञाको अन्तिमतिर वीरगंजमा सरुवा भएकोले जानकारी नभएको बताए।

पर्साका प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेले केही जग्गाको



मालपोत कार्यालय, पर्सा। तस्वीरः प्रतीक

अत्यावश्यक अवस्थामा काम गर्नुपर्ने भएकोले आफूले सिफारिश गरेको तर दर्जनौंको सङ्ख्यामा गोप्यरूपमा जग्गाको काम भएको छ भने त्यसबारे छानबिन गर्ने उनले बताए। "निषेधाज्ञा अवधिमा केहीले उपचार खर्च भएन भनेर जग्गा बेच्ने उद्देश्यले लालपुर्जा लिएर आएका थिए। दुई/तीन वटा त्यस्ता सिफारिश हामीले गरेका थियौं, बाँकी ५६ वटा जग्गासम्बन्धी काम कसरी भयो भन्ने विषयमा छानबिन गर्नेछु," उनले भने।

मालपोत कार्यालय, पर्सामा धर्मेन्द्र महतो, प्रभावतीदेवी तिवारी, ममता साह, भीष्म पराजुली, नितेश कुमार, रामकेवल मण्डल, विवेक साह, सरोष्तम दवाडी, कमलेश यादव, प्रमोद चाचान, अरुण मिश्र, दीपु गिरी, लीलावतीदेवी कोइरिन, रोहित साह, सनी बैठा, प्रेम कुर्मीलगायत व्यक्तिका जग्गाको काम निषेधाज्ञा अवधिमा भएको भूमिसुधार तथा मालपोत विभागको अनलाइन सर्भरबाट थाहा भएको छ।

यस विषयमा नेपाल लेखापढी कानून व्यवसायी एशोसिएशनले असार ७ गते नै भूमिसुधार तथा मालपोत कार्यालय, पर्साका प्रमुखसँग जानकारी माग गरे तापनि अहिलेसम्म कार्यालयले कुनै लिखित जवाफ बुझाएको छैन।

## जानसिन खोप लगाउन अधिकांश केन्द्रमा विवाद

प्रस, वीरगंज, १२ साउन/

कोभ्यास अन्तर्गत नेपाल सरकारलाई प्राप्त कोरोनाविरुद्धको जोन्सन एन्ड जोन्सनको जानसिन खोप लगाउन मङ्गलवार दोस्रो दिन सर्वसाधारणमा आकर्षण बढेको देखियो।

पर्साका विभिन्न पालिकामा सोमवार र मङ्गलवार गरी ३५ हजारजनालाई खोप लगाउने लक्ष्य राखिए तापनि अधिकांश केन्द्रमा सयौंको सङ्ख्यामा भीड देखिएको थियो। वीरगंज-१४ पिपरास्थित स्वास्थ्य चौकीमा बिहान १० बजेदेखि नै वादविवाद हुन थालेपछि सुरक्षाकर्मी लगाएर खोप दिइएको थियो।

भारतमा उत्पादित कोभिशिल्ड र चीनमा उत्पादित भेरोसिलभन्दा यो खोपको प्रभावकारिता बढी भएको र एक मात्रा लगाएपछि पुग्ने भएकोले पनि अधिकांशले यो खोप लगाउन चाहेका छन्। खोप नलगाइ भारतमा अध्ययन गर्न जान कठिनाइ भएर युवाहरू पनि खोपकेन्द्रमा गएर खोप लगाउन विवाद गरिरहेका थिए भने अर्कोतिर भेरोसिल र कोभिशिल्ड लगाउन छुटेका ५५ वर्षभन्दा माथिका व्यक्तिहरू पनि खोप लगाउन दौडधूप गरिरहेको स्वास्थ्यकर्मीहरूले बताएका छन्।

कोरोनाबाट जोगिन खोप नै अन्तिम



वीरगंज-१४ पिपरामा खोप लगाउनेहरूको भीड। तस्वीरः प्रतीक

विकल्प भएको भन्दै शुरू-शुरूमा खोप लगाउन ग्रामीण भेगमा र अशिक्षित व्यक्तिहरूले आनाकानी गरेका थिए। तर अहिले कोरोनाविरुद्ध खोप नै अन्तिम विकल्प भएकोले पनि कतिपय खोप लगाउन अग्रसर देखिएका थिए।

पर्सामा हालसम्म कोभिशिल्डको पहिलो मात्रा ३६ हजार ८ सय ८० जना र दोस्रो मात्रा ९ हजार ४ जना गरी ४५ हजार ८८४ जनाले लगाएका छन् भने भेरोसिलको पहिलो मात्रा ८ हजार ६३४ र दोस्रो मात्रा ७ हजार ३२६ गरी १७ हजार २१० जनाले लगाएका छन्। यसैगरी, ३५ हजारजनाले जानसिन खोप लगाएपछि पर्सामा खोप लगाउनेको सङ्ख्या ९८ हजार ९४ हुनेछ।

## कोरोना पीडितको राहत सामग्री खाल्डोमा

प्रस, रौतहट, १२ साउन/

देवाहीगोनाही नगरपालिकामा मङ्गलवार स्थानीयले तोडफोड गरेका नगरप्रमुख धर्मेन्द्र पटेलको विरोधमा नारा जुलुस लगाउँदै नगरपालिकाका भवनका सीसा तोडफोड गरेका हुन्।

पटेलसँग बारम्बार भन्दा पनि आलटाल गरी राहत सामग्री नष्ट गराएको आरोप लगाए।



खाल्डोमा पुरिएका राहत सामग्री र नगरपालिका कार्यालयअगाडि प्रदर्शन गर्दै स्थानीय। तस्वीरः प्रतीक

छन्। गत वर्ष प्रदेश नं २ सरकारबाट ७ सय बोरा चामल, दाल, चिउरा, खानेतेल, नून, मसलालगायतका सामग्री कोरोना पीडितलाई राहत वितरण गर्न दिएकोमा वितरण नगर्दा कुहिएकाले स्थानीयहरू विरोधमा उत्रेका हुन्।

कुहिएका चामल, नून, खानेतेल, दाल, मसलाहरू हिजो राति नगरपालिकाको जेसिबीले खाल्डो खनी गाडेको विषयमा आज नगरवासीले

कोरोना पीडितलाई दिने राहत वितरण नगरी नगरप्रमुखले पीडितमाथि अन्याय गरेको आरोप नगरप्रमुख प्रत्याशी धर्मेन्द्र पटेलले बताए।

गत वर्ष नै वितरण गर्ने राहत सामग्री मधेस सङ्ग्रहालय देवाहीगोनाहीमा राखी कुहाएर नष्ट गरेको वडा नं ६ का अध्यक्ष अनिलकुमार झाले बताए।

वडा नं ४ का अध्यक्ष रामप्रवेश पटेलले बैठक बोलाउन नगरप्रमुख धर्मेन्द्र

वडा नं ८ का अध्यक्ष हरिप्रसाद पटेलले रातारात खाल्डो खनी चामल गाडेकोप्रति दुःख व्यक्त गर्दै नियम कानूनबमोजिम कुनै कार्य नगरप्रमुख पटेलले नगरेको आरोप लगाए। छानबिन गरी कारबाईको माग उनले गरेका छन्।

यस सम्बन्धमा प्रशासकीय अधिकृत वीरेन्द्र चन्द्रवंशीले केही बोल्न चाहेनन्। नगरप्रमुख पटेलले २० बोरा चामल कुहिएकाले खाल्डो खनी गाडेको स्वीकार गरे।

## यातायात सहज भएपछि पेट्रोलको आयात बढ्यो

प्रस, वीरगंज, १२ साउन/

नेपालमा कोरोना महामारीको दोस्रो लहर कम हुँदै गएको र निषेधाज्ञा खुकुलो भएपछि पेट्रोलियम पदार्थको आयात बढेको छ।

राजमार्गमा पेट्रोलबाट चल्ने सवारीसाधनहरू चल्न थालेपछि पेट्रोलको आयात बढ्न थालेको नेपाल आयल निगमको तथ्याङ्कले देखाएको छ।

एक महीनाअगाडि वीरगंज नाकाबाट दैनिक बरौनीबाट ३३ वटा टयाङ्कर पेट्रोल लिएर आउँथ्यो भने अहिले दैनिक ७० वटाभन्दा बढी पेट्रोल ढुवानी गर्ने टयाङ्करहरू आइरहेको नेपाल पेट्रोलियम ढुवानी व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष मनोज दासले बताएका छन्।

वीरगंज उद्योग वाणिज्य सङ्घका कोषाध्यक्षसमेत रहेका दासले पहिलेभन्दा अवस्था सहज हुँदै गएपछि इन्धनको आपूर्ति बढ्दै गएको बताए। उनका अनुसार पहिले साढे ६ सय केएल दैनिकरूपमा वीरगंजबाट भित्रिन्थ्यो भने अहिले दैनिक १४ सय केएल पेट्रोल मात्रै भित्रिरहेको छ।

पेट्रोल पाइपलाइनबाट नेपाल भित्र्याउने सुविधा छैन। दुई वर्षअघि



तस्वीरः फाइल

निर्माण गरिएको मोतीहारी-अमलेखगंज पाइपलाइनबाट अहिले डिजेल मात्र आइरहेको छ। पेट्रोल ल्याउन भनिए तापनि केही प्राविधिक गडबडीका कारण र पेट्रोल भण्डारण गर्ने अमलेखगंजमा भर्टिकल टयाङ्की निर्माण नभएकाले अहिले भारतको बिहार राज्यको बरौनीबाट पेट्रोल ल्याउनुपर्छ। वीरगंजबाट करीब दुई सय किलोमिटर टाढाबाट पेट्रोल ढुवानी गर्दा व्यवसायीलाई महँगो पर्छ। एउटा टयाङ्करमा करीब २० हजार लिटर पेट्रोल ढुवानी हुन्छ।

त्यसैगरी, व्यवसायीहरूले पाइपलाइनबाट आएको डिजल अमलेखगंज डिपोबाट लोडिङ गरिरहेका छन्। वीरगंजमा पेट्रोल रु १२६.५० छ भने भारत, रक्सौलमा १६४.१९ र डिजेल वीरगंजमा रु १०९.५० र रक्सौलमा रु १५३.९४ रहेको छ।

नेपालभन्दा भारतमा पेट्रोल रु ३७.६९ र डिजेल रु ४४.४४ महँगो भएकोले नेपालबाट पेट्रोल र डिजेलको ठूलो मात्रामा तस्करी हुने गरेको छ।

## प्रहरी मिलेमतोमा घरेलु मदिराको कारोबार

प्रस, परवानीपुर, १२ साउन/

पर्सा प्रहरीको मिलेमतोमा वीरगंजमा अवैध घरेलु मदिरा भित्रिने गरेको छ। प्रहरी चौकी मिलनचोक, परवानीपुर, अस्थायी प्रहरी पोस्ट गण्डक र वडा प्रहरी कार्यालय श्रीपुरको मिलेमतोमा अवैध घरेलु मदिरा वीरगंज आउने गरेको प्रत्यक्षदर्शीहरूले बताएका छन्।

पर्सागढी नगरपालिकाको झबराहामा उत्पादित घरेलु मदिरा साइकल, मोटरसाइकलबाट वीरगंजसम्म पुग्छ भने अमलेखगंज, हेटौंडाको मदिरा बस, ट्रक र टयाङ्करबाट वीरगंज आउने गरेको छ।

मदिरा बनाउने र ओसारपसार गर्ने कारोबारीसँग प्रहरी बिटका इन्चार्जले मासिक रु ३ हजारदेखि ५ हजारसम्मलिने गरेका छन्।

वीरगंज महानगर-२१ परवानीपुरका मनोज कुशवाहाका अनुसार झबराहाबाट सबैयाको जङ्गल, मिलनचोक, लालपर्सा, पटेलनगर भई मदिरा वीरगंज आउँछ भने वीरगंज-पथलैया सडकखण्डमा चल्ने गाडीमा प्लास्टिकको पोका र ग्यालेनमा मदिराको ओसारअसार हुने गरेको छ।

निषेधाज्ञा खुकुलो भएपछि राजमार्गमा गाडीहरू चल्ने गरेको र सोही सवारीसाधनबाट मदिरा ओसारपसार हुने गरेको प्रत्यक्षदर्शी बताउँछन्। झबराहाबाट दैनिक दर्जनौं साइकलमा सयौं लिटर मदिरा लालपर्सा, परवानीपुर बजार, पटेलनगर, गण्डक, राधेमाई, श्रीपुर, मुर्ली, वीरगंजको मीनाबजारलगायत क्षेत्रमा पुग्ने गरेको छ। यी सबै कार्यमा प्रहरीको मिलेमतो हुने गरेको छ।


### ज्येष्ठ नागरिक सङ्घको सूचना

**ज्येष्ठ नागरिक सङ्घका साथीहरूलाई स्वास्थ्य सजगतासम्बन्धी कार्यक्रममा सहभागी गराउने उद्देश्यले यसपालि डायटेशियन डा निशा सिंहसँग साक्षात्कार कार्यक्रम राखिएको छ। कोरोनाको बेला भौतिक दूरी कायम राख्दै थोरै मात्र साथीहरूलाई सहभागी गराइने भएकोले यसै हप्ताको बुधवारसम्म नाम दर्ता गराउन अनुरोध छ। छुट भएका साथीहरूको लागि कार्यक्रमलाई नियमितता दिइनेछ।**

**कार्यक्रमः-**
**मिति : १५ गते साउन**
**समय : बिहान ८ बजे**
**स्थान : प्रतीक दैनिक भवन**



**कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराऔं।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## विचारसार र सूक्तिहरू

**कसैले कुरा काट्छ भने पनि सन्तोष मान्नुपर्दछ। किनभने यसै निहुँमा उसले सम्झना त गर्दछ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## सर्वत्र जरासन्ध

जरासन्ध महाभारतको एकजना पात्र हो । एकजना रानीलाई दुई चिरा भएको बालक जन्म्यो। डरले रछ्यानमा मिल्याइदिइन्। त्यस बालकलाई जरा नामकी महिलाले जोडेर जिउँदो पारिन् । त्यो बालक महाभारतकालको सर्वाधिक बलशाली र क्रूर शासक बन्यो । दुई फ्याँक जोडिएको हुँदा उसलाई टुक्र्याउन सजिलो थियो। आज नेपालका राजनीतिक दलहरूको हविगत पनि जरासन्धजस्तै छ। यी सानो स्वार्थमा पनि टुक्रिन्छन् र फेरि जोडिन (जुट्न) पनि बिलम्ब लाग्दैन। स्वार्थरूपी फेबिकोल बलियो रहुन्जेल जोडिइरहन्छन्, फेबिकल पुरानो हुनेबित्तिकै टुक्रिन्छन् । कुनै एक वा दुई दलको कथा होइन, नेपाली काङ्ग्रेसजस्तो ७० वर्षमाथि इतिहास भएको पार्टी होस् वा त्यसको अनुज पार्टी नेपाल कम्युनिस्ट पार्टी होस् वा माओवादी वा अन्य दलहरू । हो नेपाली काङ्ग्रेस यीमध्ये केही सहज छ, एकपटक मात्र टुट्यो। नेपाल कम्युनिस्ट पार्टीले त जरासन्धसमेतको रेकर्ड भत्काइदिएको छ । एक होइन, दर्जनौं टुक्रा भएको छ, जोडिने गति र टुट्ने गतिको कुनै गिन्ती छैन ।

जरासन्ध बनेर निरङ्कुश शासन चलाएको नेकपा भर्खरै टुटेर कमजोर मात्र भएको छैन, सत्ताच्युतसमेत भइसकेको छ। महाभारतको जरासन्धको टुक्राबीच परस्पर बैर थिएन, नेपालका जरासन्ध पार्टीहरू भने टुक्रिएपछि पानी बाराबारको अवस्थामा पुग्ने गर्दछन् । अहिले पुनः जनता समाजवादी पार्टी टुक्रिएको छ । हिजो यो पार्टी जरासन्धजस्तै टुक्रा मिलेर बनेको थिएन, थुप्रै टुक्राहरू मिलेर अस्तित्वमा आएको थियो। जोडिएको चीज स्वभावतः कमजोर हुन्छ, कुरूप पनि देखिन्छ। यस प्रवृत्तिले पार्टी स्वयं कमजोर हुँदैन, देश र जनता पनि कमजोर बन्छ । किनकि देश र जनतालाई एकबद्ध बनाइराख्ने, तिनको विकास र उन्नतिमा अहम् भूमिका खेल्ने त राजनीतिक पार्टीहरू नै हुन्। देशको मियो बनेको राजनीतिक दल कमजोर हुनु भनेको उपलब्धि ढिलो प्राप्त हुनु वा हुँदै नहुनु पनि हो । आज देशको जुन हविगत भएको छ, त्यसमा राजनीतिक दलहरू निरन्तर टुटिरहनु–जुटिरहनु नै हो। यी तिनै दल हुन्, जसले देशमा सङ्घीयता ल्याउन बल दिएका थिए। सिङ्गो देशलाई प्रदेशमा टुक्र्याएर उन्नति र प्रगतिको सपना देखेका थिए । वस्तुतः सङ्घीयता त मूल तत्त्व फरकफरक भएकालाई आपसी एकताद्वारा सशक्त बनाउने साधन पो हो ।

त्यसैले होला, सिङ्गो भूगोलको असमान, अवैज्ञानिक र विवेकहीन टुक्रा पार्नेहरू आज आफैं टुक्रिन र टुक्रिइरहन अभिशप्त बनेका छन् । यसो भनिरहँदा सङ्घीयताले देशमा विकास भएको छैन भन्ने होइन, अधिकार प्राप्त स्थानीय सरकारहरूले थोरबहुत काम गरिरहेका छन् । हिजोको अवस्थाभन्दा उन्नतितर्फ अग्रसर भएका छन्। तर कतिघरी ? एकता, सामञ्जस्यता, विवेकको अभावमा ती कसरी अगाडि बढ्न सक्छन् ? फेरि चिरा केन्द्रीयस्तरसम्म सीमित रहँदैन । त्यसको प्रभाव तल वडास्तरसम्म पुग्छ। हिजो घाँटीमा घाँटी जोरेर हिंडिरहेका मानिस रातारात दन्तबझान गर्न थाल्छन् । यसले विकास अवरूद्ध हुन्छ । कलह र बैर जन्मन्छ । तसर्थ जरासन्ध प्रवृत्तिको अन्त भएन भने देशले जस्तोसुकै विकसित राज्य व्यवस्था रोजोस्, उपलब्धि शून्यबाट माथि उठ्न सक्दैन। यसका लागि पुराना सबै राजनीतिज्ञहरूले सत्तामा दाबेदारी छाड्नुपर्छ । उत्तराधिकारीहरूलाई अगाडि आउन दिनुपर्छ । उत्तराधिकारीहरू अगाडि आए भने जरासन्धको अन्त हुन्छ। पार्टी सगोल रहन्छ। देशले उन्नति गर्छ ।

# के दिए ओलीले र के पायो एमालेले ?

स्वतन्त्र विचार



विनोद गुप्ता

**प्रम देउवाले धैर्य नगुमाई गङ्गामायालाई न्याय दिलाउने बाटोमा अगाडि बढ्दै निर्मला पन्तको हत्यारा सार्वजनिक गर्ने, प्रभावकारी खोप अगाडि बढाउने कार्य र सन्तुलित परराष्ट्र सम्बन्ध बनाउने गुरुतर दायित्व निर्वाह गर्दै देशलाई आगामी निर्वाचनको बाटोमा डोऱ्याउन सक्नुपर्छ ।**

सर्वोच्च अदालतको फैसलापछि ओली समूहको एमालेले नेपालको राजनीतिमा भुइँचालो नै गएको देखेको छ र यसैको आधारमा शक्ति पृथकीकरण ध्वस्त भएको र बहुदलीय गणतन्त्रमा निर्दलीयता पसेको हल्ला चलाएको पाइन्छ । शक्ति पृथकीकरण ध्वस्त भएको भन्नेहरूले के बुझ्न जरूरी छ भने यो राष्ट्रपतीय शासन प्रणालीको मुख्य गुण हो । यसमा कार्यपालिका र विधायिकाको निर्वाचन नै बेग्लै हुन्छ । त्यहाँ न राष्ट्रपतिले विधायिका विघटन गर्न सक्छ न विधायिकाले राष्ट्रपति बनाउन सक्छ। तर संसदीय व्यवस्थामा विधायिकाको निर्वाचन हुन्छ र विधायिकाले आफूले बनाएको ऐन–कानून कार्यान्वयन गर्न आफूमध्येबाट कार्यपालिका गठन गर्दछ। त्यसैले संसदीय व्यवस्थामा न्यायिक स्वतन्त्रताको अवधारणा अनुरूप न्यायपालिकाको व्यवस्था हुन्छ जसले विधायिकाको भाव र मर्म अनुरूप कानून कार्यान्वयन भए नभएको हेरेर निर्णय गर्दछ। दोस्रो कुरा निर्दलीयताको हो। संविधानले बहुदलीय व्यवस्था आत्मसात् गर्दै त्यही अनुरूप निर्वाचनबाट गठित विधायिकाबाट सबैभन्दा ठूलो दल वा त्यो नभए सानो दलहरू मिलेर र त्यसबाट पनि सम्भव नभए संसद्को कुनै सदस्यले आफ्नो पक्षमा बहुमत देखाउन सके ७५ (५) मा सरकार गठन गर्ने व्यवस्था गरेको छ। यो व्यवस्थाको पहिलो उद्देश्य त जनताले निर्वाचित गरेको संसद्ले पूर्णकाल काम गरोस् भन्ने हो, साथै यसले परोक्षरूपमा दलहरू मिलेर सरकार बनाउन नसके यो व्यवस्थाबाट समेत सरकार बन्न सक्छ भनेर मिलेरै भए पनि सरकार बनाउन दबाब दिने हो । यसलाई सुल्टो बुझ्नुको सट्टा ह्वीप नलाग्ने भएकोले निर्दलीय हो भन्ने बुझाइ राख्ने विद्वान्हरू ओलीजीको एमालेमा मात्र हुन सक्छन् ।

नेपालको कम्युनिस्ट आन्दोलनले धेरै उतारचढाव देखेको छ । वर्ग शत्रुको हत्या नगरी कम्युनिस्ट नहुने मान्यताबाट बोकेर हिंडेको यो दल आफ्नो यात्राको क्रममा एकजुट कहिले हुन सकेन । स्व विपी कोइराला बाचुन्जेल पञ्चायतको चुनावमा जनपक्षीय हस्तक्षेप गर्ने भन्दै अधिकांश समूहले पञ्चायतको राजनीतिमा भाग लिंदै आफ्नो अस्तित्व बोध गराइराख्न विपीलाई गाली गर्ने एक सूत्रीय राजनीति गर्दै उनको देहावसानपछि अलमलमा परेका यिनलाई काङ्ग्रेसकै सर्वमान्य नेता स्व. गणेशमान सिंहले २०४६ को आन्दोलनमा टुक्रा–टुक्रा परेका वामपन्थीहरूसँग मोर्चा बनाएर आए मात्र जनान्दोलनमा साथ लिएर हिंड्ने अवस्था बनाइदिएकाले यिनीहरूमध्ये धेरैजसो एमालेको झन्डामुनि एकत्रित भएर बहुदलीय व्यवस्थामा प्रवेश गरेको कसैसँग लुकेको छैन । संसारबाट साम्यवाद अस्ताउन लागेको बेला नेपाली काङ्ग्रेसको आन्तरिक कलहबाट लाभ उठाउँदै देशलाई प्रधानमन्त्री दिन यिनीहरू सफल भएका हुन्। स्व. मनमोहन अधिकारी, झलनाथ खनाल र माधव नेपालबाट प्रधानमन्त्रित्व सर्दै केपीशर्मा ओलीमा आइपुगेको हो । स्व. मनमोहन अधिकारीदेखि खनाल र नेपालसम्मको प्रधानमन्त्रीको यात्रामा महाकाली सन्धिमा नेपाल र ओलीको संलग्नताबाहेक अन्य कुनै ठूलो विवादित काम भएको पाइँदैन। तर कमरेड केपी ओली दुईतिहाई बहुमत ल्याएर प्रधानमन्त्री बनेदेखि नेपालमा चर्चित हुने काम मात्र गरेको पाइन्छ। सबभन्दा पहिलो त उनको धर्मनिरपेक्षता र सङ्घीयताप्रतिको असहिष्णुता नै हो। त्यसपछि होली वाइन प्रकरण र हुँदै नभएको विश्वविद्यालयबाट विद्यावारिधिको उपाधि हासिल गर्दै भारत र चीनसँग नेपाललाई रेलमार्गबाट जोडेर बजार स्टेट बनाउनेदेखि हिंडेर भारतीय प्रधानमन्त्रीसँग रामायण सर्किट बनाउँदै, नेपालीलाई पानीजहाजमा सफर गराउने र घरघरमा ग्याँस पाइप पुऱ्याउने सपना देखाउँदै चिनियाँ राष्ट्रपतिको नेपाल भ्रमणको क्रममा नेपाल र चीन रणनीतिक साझेदार भएको भनाइ चिनियाँ महामहिमबाट सार्वजनिक भएलगत्तै चीनको बिआरआईलाई आराम दिंदै एमसिसी पास गराउने क्रममा पूर्व सभामुख महरा प्रकरणका साथै कम्युनिस्ट भएर पनि पशुपतिमा सुनको जलहरी अर्पण गर्ने अनि राम मन्दिरको प्रकरणसम्म आइपुगेकै हो। यसै यात्राको क्रममा चुच्चे नक्शा सार्वजनिक गरेर उग्र राष्ट्रवादी छवि बनाउँदै दशैंको उपलक्ष्यमा भारतीय समकक्षीलाई बधाई पठाउँदा भने चुच्चे नभएको कार्डमा शुभकामना दिन पुगी फेरि भारतको विश्वास अर्जित गर्न सफल भएको कुरा भारतीय थल सेनाध्यक्ष मुकुन्द नरवणे र त्यसपछि रअका प्रमुख सामन्त गोयलको भ्रमण र त्यसपछि बढ्दै गएको नेकपा एमालेभित्रको ओली र नेपाल एवं प्रचण्ड समूहको द्वन्द्व र चिनियाँ राजदूत महामहिम याङछीको सक्रियताले लुकाउन नसकेको हो। प्रधानमन्त्रीले नेतृत्व गरेको सरकारले गुठी, मानव अधिकार आयोग, प्रेस काउन्सिल र नागरिकतासम्बन्धी नियन्त्रणमुखी विधेयकहरू संसद्मा प्रस्तुत गरेकै हो। हुँदै नभएको कानून छ भनेर एकपटक मात्र होइन, दुईदुईपटक संसद् विघटन गरेकै हो जुन सर्वोच्चको संवैधानिक पीठले खारेज गरिदिएको सबैलाई अवगत नै छ । नवनिर्वाचित प्रधानमन्त्रीको शपथ ग्रहणमा सहभागी नभएर र संसद्मा समेत विश्वासको मत लिने बेला आफैं संसद छलेबाट नै उनको प्रजातन्त्रप्रतिको प्रतिबद्धता स्पष्ट हुँदाहुँदै उनीबाट प्रजातान्त्रिक व्यवहारको अपेक्षा गर्नु कति उचित हो ? राष्ट्रपतिसमक्ष शपथ लिंदा उनको अर्घेल्याइ समेतलाई सम्झँदा उनी आफ्ना पूर्ववर्ती वामपन्थी प्रधानमन्त्रीहरूभन्दा बेग्लै राजनैतिक संस्कार भएको व्यक्ति हुन् भन्ने कुरा हामीले पनि बुझ्नु आवश्यक छ । प्रधानमन्त्री भएदेखि उनले गर्न खोजेको हरेक काम असफल हुँदै गएकोले स्वाभाविकरूपमा उनी हीनभावनाले ग्रस्त हुँदै अन्त्यमा सत्ता नै जाने देखेपछि अगुल्टोले हानेको बिरालो तर्सेर जसरी उपद्रव मचाउँछ त्यही शैली अङ्गीकार गर्न पुगेको बुझेर उनलाई समर्थन गर्ने जमातप्रति सबैले सहानुभूतिपूर्वक विचार र व्यवहार गर्न आवश्यक ठान्दछु । तर मलाई लागेको ओली यात्राको सबभन्दा दुःखद पक्ष भने वामपन्थी राजनीतिमा लागेर राष्ट्रिय छवि बनाएका केही युवा नेताहरूसमेतको कान्तिक्षय हुनेगरी अनुचरमा रूपान्तरण भएको छ ।

संसद्को यो सत्र प्रारम्भ भएदेखि नै एमालेका मूर्धन्य नेताहरूले परमादेशबाट बनेको सरकार भनी घोचपेंच गर्दै आएको क्रमलाई निरन्तरता दिन पूर्व सभामुख नेम्वाङ पनि पछि परेनन् तर कति नैतिकवान् रहेछन् भन्ने कुरा प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिउत्तर दिने बेलामा ७६ (५) संविधानमा किन राखिएको भन्ने प्रश्न राख्दा उनी संसद्बाट बाहिरिइ सकेका थिए। विपक्षको धर्म नै हो हाम्रो जस्तो देशमा सत्ता पक्षको जसरी भए पनि विरोध गर्नु। तर प्रम देउवाले धैर्य नगुमाएर गङ्गामायालाई न्याय दिलाउने बाटोमा अगाडि बढ्दै निर्मला पन्तको हत्यारा सार्वजनिक गर्ने, प्रभावकारी खोप अगाडि बढाउने कार्य र सन्तुलित परराष्ट्र सम्बन्ध बनाउने गुरुतर दायित्व निर्वाह गर्दै देशलाई आगामी निर्वाचनको बाटोमा डोऱ्याउन सक्नुपर्छ ।

यसका साथै दुईदुईपटक प्रतिनिधिसभा पुनर्स्थापना गरी संविधानको मर्म र भावनाको रक्षा गर्न सर्वोच्च अदालतको फैसलाबाट मन एकदम आनन्दित र हर्षित भइरहेकै बेला संवैधानिक परिषद् र रञ्जन कोइरालाको मुद्दाको सुनवाइमा भइरहेको ढिलाइबारे समाचार पढ्नुपर्दा मन फेरि अमिलो भयो। अत्यन्तै संवेदनशील र चर्चित मानिएका यी मुद्दाहरूमा सर्वोच्चले आफ्नो सर्वोच्चताको साख जोगाउँदै न्याय निरूपण गर्नै पर्दछ। यस्तो नभए अत्यन्तै सम्मानित संस्थाप्रति बढेको आम नेपालीको विश्वास घट्न सक्छ । त्यसैले आशा गरौं प्रम देउवा जनइच्छा अनुसार अगाडि बढ्ने छन् र सम्मानित अदालतले यस्ता मुद्दामा समेत ऐतिहासिक फैसला गर्नेछ ।

# रासायनिक मल : माग बढ्दो, आपूर्ति घट्दो

राजु विश्वकर्मा, लहान, १२ साउन/रासस

सिराहामा बर्सेनि रासायनिक मलको माग बढ्दै गएको छ । माग अनुसार रासायनिक मलको आपूर्ति हुन नसकेपछि किसान समस्यामा परेका छन् । कृषि सामग्री कम्पनी लिमिटेड, लहानमा बर्सेनि डिएपी र युरिया मलको आपूर्ति घट्दै गएपछि अन्य रासायनिक मलको बिक्री वितरण बढेको हो ।

एकातिर सिरहामा रासायनिक मलको माग बढ्दै गएको छ भने अर्कोतिर जिल्लामा रासायनिक मल बिक्री वितरण गर्दै आएको कृषि सामग्री कम्पनीमा मलको आपूर्ति घट्दै गएकोले किसान समस्यामा परेका हुन् ।

आर्थिक वर्ष २०७६/७७ को तुलनामा गत आर्थिक वर्षमा ३२ हजार ५०० बोरा डिएपी र छ हजार ४४० बोरा युरिया मलको आपूर्ति कम भएको हो। आर्थिक वर्ष २०७६/७७ मा ९२ हजार ६८३ बोरा डिएपी र ८४ हजार ९६० बोरा युरिया मल आपूर्ति भएकोमा गत आर्थिक वर्षमा ६० हजार १८३ बोरा डिएपी र ७८ हजार ५२० बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी, लहानका प्रमुख मणिराज पौडेलले जानकारी दिए।

उनका अनुसार आर्थिक वर्ष २०७५/७६ मा २३ हजार ७७ बोरा युरिया र दुई हजार ४०० बोरा डिएपी मल आपूर्ति भएकोमा आव २०७४/७५ मा २६ हजार ७८८ बोरा युरिया र आठ हजार ५४९ बोरा डिएपी मल आपूर्ति भएको थियो। माग अनुसार आपूर्ति हुन नसक्दा जिल्लामा मलको हाहाकार हुने गरेको छ ।

त्यस्तै, आव २०७३/७४ मा ९५ हजार ३२० बोरा डिएपी मल र ९८ हजार ७०५ बोरा युरिया मल आपूर्ति भएको कृषि सामग्री कम्पनी, लहानले जनाएको छ। सिरहामा साउन महीनामा मात्र ३० हजार बोरा युरिया र त्यतिकै परिमाणमा डिएपी मल चाहिएकोमा हाल १५ हजार ८८५ बोरा युरिया र दुई हजार ८०० बोरा डिएपी मल आपूर्ति भएको कृषि सामग्री कम्पनीले जनाएको छ।

कृषि सामग्री कम्पनी केन्द्रीय कार्यालयबाट सो परिमाणको मल प्राप्त भएपछि कोटा निर्धारण गरेर हिजोदेखि सिरहाका स्थानीय तहमा रहेका सहकारी संस्थाका डिलरहरूमार्फत किसानलाई वितरण गर्न थालिएको छ। "हामीलाई गत शुक्रवार १५ हजार ८८५ बोरा युरिया र दुई हजार ८०० बोरा डिएपी मल मात्र प्राप्त भएको छ"–कार्यालय प्रमुख पौडलले भने–"मल आउने बित्तिकै बिक्री वितरण शुरू गरेका छौं ।" बाली सघनता र खेतीयोग्य क्षेत्रफलका आधारमा स्थानीय तहलाई मलखादको कोटा निर्धारण गरी सिफारिशका आधारमा सहकारी संस्थाका डिलरहरूमार्फत मलखाद वितरण शुरू गरेको उनको भनाइ छ।

डिएपी र युरिया मलको माग बढेकोले आपूर्तिका लागि पटकपटक केन्द्रमा पत्राचार गरे पनि आपूर्ति बर्सेनि घट्दै गएकोले समस्यामा परेको प्रमुख पौडेलले बताए ।

डिएपी र युरिया मलको बर्सेनि आपूर्ति कम भएपछि कृषि सामग्री कम्पनी लहानले झन्डै आधा मूल्य बराबरको रासायनिक मल मात्र बिक्री गरेको छ। आर्थिक वर्ष २०७६/७७ मा रु २७ करोड ४३ लाख ७३ हजार ३४ मूल्य बराबरको मलखाद बिक्री गरेको कृषि सामग्री कम्पनी, लहानले गत आर्थिक वर्षमा रु १९ करोड ६५ लाख ६३ हजार ३१४ मूल्य बराबरको मात्र रासायनिक मल बिक्री गरेको कार्यालयका लेखाप्रमुख नारायण खड्काले जानकारी दिए ।

सिरहामा कृषि सामग्री कम्पनी र साल्ट्र टेड्रिङ कम्पनीले गाउँगाउँमा सहकारी संस्थामार्फत र सहकारी नभएको गाउँमा स्थानीय तहको सिफारिशमा मलखाद बिक्री वितरण गर्दै आएको छ। धान रोपाइँ गर्ने बेला भएकोले युरिया र डिएपी मलको माग बढे पनि अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धि, ढुवानी आपूर्तिको समस्या, मलको अनियन्त्रित प्रयोग र भारतीय सीमा नाकामा भएको कडाइलगायत कारणले सिरहामा युरिया र डिएपी मलको आभाव हुने गरेको प्रमुख पौडलको भनाइ छ।

डिएपी र युरिया मलको आपूर्ति कम भएपछि किसानलाई मलखादको समस्या भइरहेको नेपाल कृषक महासङ्घ प्रदेश नं २ का अध्यक्ष मुक्ति यादवले बताए। माग अनुसार आपूर्ति हुन नसक्दा यहाँका किसानहरू मलका लागि डिलरहरूकहाँ चहार्ने गरेको तर सहजरूपमा मल पाउने अवस्था नरहेको उनको भनाइ छ ।

सिरहामा यस वर्ष कुल ६० हजार ७५७ हेक्टर खेतीयोग्य जग्गामध्ये ९५ प्रतिशत जग्गामा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र राजविराज, सप्तरीले जनाएको छ। अधिकांश खेतीयोग्य जग्गामा धान रोपाइँ भए पनि समयमा मलखाद नपाउँदा किसान मारमा परेका छन् ।

धानमा मल हाल्ने बेला हुँदासमेत अनुदानमा प्राप्त हुने रासायनिक मल नपाउँदा किसानले महँगोमा व्यवसायीबाट खरीद गर्नुपरेको बताएका छन्। "धानमा मल राख्ने बेला भयो, डीएपी बजारमा पाइँदैन"–किसान राजकिशोर यादवले भने–"मल आवश्यक हुँदा पाइँदैन, धान पसाएपछि बल्ल मल आउँछ ।" उनले गाउँमा सहकारीले मल वितरण गरे पनि माग अनुसार आपूर्ति गर्न नसकेको बताए।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# अन्तर्राष्ट्रिय समाचार

## विश्वभर तीन अर्ब ८८ करोड ५६ लाखले खोप लगाइयो

बाल्टिमोर, मेरील्यान्ड १२ साउन/एएफपी

विश्वभर तीन अर्ब ८८ करोड ७९



तस्वीरः एजेन्सी

लाख ७३ हजार ५८४ मात्रा कोरोना भाइरसविरुद्ध खोप लगाइएको छ । कोरोनाविरुद्ध खोप लगाएका दश देशको तथ्याङ्क यस प्रकार रहेका छन् । चीनमा एक अर्ब ५५ करोड २ लाख ६८ हजार मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४४ करोड १९ लाख १२ हजार ३९५ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ ।

अमेरिकामा ३४ करोड ११ लाख ६० हजार ९३९ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। ब्रजीलमा १२ करोड ८० लाख ७२ हजार २४३ मात्रा कोरोनाविरुद्ध लगाइएको छ। जर्मनीमा ८ करोड ९३ लाख ८७ हजार २५७ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। बेलायतमा ८ करोड ४५ लाख ८८ हजार ५३ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

जापानमा ७ करोड ७७ लाख २६ हजार ९२९ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। फ्रान्समा ६ करोड ९८ लाख ८४ हजार ७६७ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ। टर्कीमा ६ करोड ७७ लाख ८७ हजार ३३२ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ । इटाली ६ करोड ५८ लाख ८७ हजार ९५४ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

**कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४१ लाख ६७ हजार नाघ्यो**

बेइजिङ, १२ साउन/सिन्ह्वा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४१ लाख ६७ हजार नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४१ लाख ६७ हजार ९०२ जनाको मृत्यु भएको छ। विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १९ करोड ४७ लाख ५१ हजार ४१४ रहेको छ। विश्वभर तीन अर्ब ८८ करोड ७९ लाख ७३ हजार ५८४ मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

**भारतमा कोरोना सङ्क्रमितको सङ्ख्या ३० हजारभन्दा कम**

नयाँ दिल्ली/एएनआई

भारतमा पछिल्लो २४ घण्टामा थप २९ हजार ६८९ जनामा कोरोना सङ्क्रमण भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले मङ्गलवार जनाएको छ। यहाँ १३२ दिनपछि थप कोरोना सङ्क्रमितको सङ्ख्या ३० हजारभन्दा कम भएको पनि सो मन्त्रालयले जानकारी दिएको छ।

हाल भारतमा तीन लाख ९८ हजार १०० जना सक्रिय सङ्क्रमित रहेका समाचारमा जनाइएको छ। गत २४ घण्टाको अवधिमा भारतमा कोरोना सङ्क्रमणको कारण ४१६ जनाको मृत्यु भएको छ। यसैसँगै यहाँ कोरोना शुरू भएदेखि हालसम्म कोरोनाबाट मृत्यु हुने व्यक्तिको सङ्ख्या चार लाख २१ हजार ३८२ पुगेको पनि स्वास्थ्य मन्त्रालयले मङ्गलवार जनाएको छ।

गत २४ घण्टामा यहाँ ४२ हजार ३६३ जना व्यक्ति कोरोनामुक्त भएपछि कुल तीन करोड ६ लाख २१ हजार ४६९ व्यक्ति कोरोनामुक्त भएका छन्। सङ्क्रमणमुक्त भएकाहरूको यो सङ्ख्या ९७.३९ प्रतिशत हो। अधिकारीहरूका अनुसार भारतमा अहिलेसम्म ४४ करोड १९ लाखभन्दा बढी मात्रा खोप कोरोनाविरुद्ध लगाइएको छ। त्यसैगरी, देशभरि अहिलेसम्म ४५ करोड ९१ लाख व्यक्तिको कोभिड-१९ परीक्षण गरिएको पनि स्वास्थ्य मन्त्रालयले जनाएको छ। रासस

## अमेरिकाले इराक मिसनबाट आफ्ना सेना फिर्ता बोलाउने

वाशिङ्टन, १२ साउन/सिन्ह्वा

अमेरिकी राष्ट्रपति जो बाइडेनले यस वर्षको अन्त्यसम्ममा अमेरिकी लडाकू सैनिकहरूलाई इराकबाट फिर्ता बोलाउने बताएका छन् । उनले तर पनि अमेरिकाको सेनाले थोरै सङ्ख्यामा मात्र भएपनि इराकमा बसेर इराकी सेनालाई तालीम र आवश्यक सरसल्लाह भने दिने जानकारी दिएका छन्।

इराकी प्रधानमन्त्रीसँगको भेटवार्ताका क्रममा राष्ट्रपति बाइडेनले सो जानकारी गराएको बताइएको छ। हाल इराकी प्रधानमन्त्री मुस्ताफा अल-खादिमी अमेरिकाको भ्रमणमा छन्। प्रधानमन्त्री मुस्ताफासँग ह्वाइट हाउसमा भएको कुराकानीका क्रममा राष्ट्रपति बाइडेनले यस्तो घोषणा गरेका प्राप्त समाचारमा जनाइएको छ। उनीहरूबीच सोमवार ह्वाइट हाउसमा भेटवार्ता भएको थियो। इराकमा हाल २ हजार ५०० जनाभन्दा बढी अमेरिकी सैनिक रहेका छन्। इराकमा पछिल्लो समयमा इस्लामिक स्टेट नामक आतङ्ककारी समूहको उपस्थिति बढ्दै गएको बताइएको छ। हाल इराकमा रहेका अमेरिकी सैनिकहरूले इराकी फौजलाई इस्लामिक स्टेट लडाकूका विरुद्ध लड्न सहयोग गरिरहेको बताइएको छ।

अमेरिकाको यो घोषणापछि पनि केही अमेरिकी सैनिक भने इराकमैं रहने बताइएको छ। यो घोषणाको इराकले भने स्वागत गरेको छ। अमेरिकाले इराकी प्रधानमन्त्रीलाई सहयोगका लागि यो घोषणा गरेको हुन सक्ने अनुमान गरिएको बताइएको छ। इराकी प्रधानमन्त्री खादिमीले इराकमा कुनै पनि विदेशी सेना आवश्यक नरहेको बताए।

उनले अमेरिकाको सो घोषणाको समर्थन गर्दै भनेका छन्- हामीलाई अमेरिकाको सैन्य सहयोग त आवश्यक छ, तर पनि इराकमैं आएर सैनिक परिचालन नभएर इराकलाई सुरक्षा सामग्री र तालीमका विषयमा सहयोग दिंदा राम्रो हुनेछ। गत वर्ष इराकको राजधानी बग्दादमा अमेरिकी सेनाले ड्रोन हमला गर्दा एकजना उच्च इरानी सैन्य जनरल कासिम सुलेमानी र इरानको समर्थन पाएको सिया मुस्लिम मिलिसिया समूहका एकजना नेता मारिएका थिए। त्यसयता इराकमा अमेरिकी सेनाको झन् ठूलो विरोध भएको थियो। यहाँका राजनीतिक दलहरूले अमेरिकी नेतृत्वमा आइएसविरुद्ध लड्ने अन्तर्राष्ट्रिय फौज हट्नुपर्ने माग गरिरहेका छन्। रासस

## तालिबानको आक्रमण विफल, २८ आतङ्ककारी मारिए

तालुकान, अफगानिस्तान, १२ साउन /सिन्ह्वा

अफगानिस्तानको उत्तरी प्रान्त तखारको प्रान्तीय राजधानी तालुकान शहरमा तालिबान लडाकूले गरेको आक्रमण विफल भएको छ। ती लडाकूहरू सो शहर कब्जाको लागि आक्रमण गरिरहेका जनाइएको छ।

सो आक्रमणको क्रममा २८ जना आतङ्ककारी मारिएका सरकारी स्रोतले मङ्गलवार जानकारी दिएको छ। सेनाको प्रवक्ता अब्दुलहादी नाजारीका अनुसार तालिबान आतङ्ककारीहरूले तालुकान शहरलाई विभिन्न दिशाबाट आक्रमण गर्ने योजना बनाइरहेका थिए, तर लडाकू विमानको सहायतामा सेनाले गरेको कारबाईको क्रममा २८ तालिबान लडाकू मारिएका छन्।

यस कारबाईको विषयमा तालिबान लडाकूले कुनै टिप्पणी गरेका छैनन्। तालिबान लडाकू समूहले तखार प्रान्तका १६ वटा जिल्लाका केन्द्रहरू नियन्त्रणमा लिएको र विगत एक महीनादेखि राजधानी काबुलबाट २४५ किलोमिटर उत्तरमा रहेको प्रान्तीय राजधानी तालुकान शहर कब्जा गर्न आक्रमण गरिरहेका जनाइएको छ।

यसैबीच, तखारका बासिन्दाहरूले गत एक सातादेखि अफगानिस्तानको राजधानी काबुलमा धर्ना दिएका बताइएको छ। केन्द्र सरकारलाई तखारमा थप सेना पठाउन आग्रह गरेका छन्। अन्यथा प्रान्तीय राजधानीसहितको प्रान्त तालिबानले लिने उनीहरूको भनाइ रहेको छ। रासस












## कुर्सीमा बस्ने अन्धो मान्छे

**मन्तव्य**



कुमार रुपाखेती

**पटकपटक प्रधानमन्त्रीको पगडी भिरिसकेका देउवालाई बधाई दिनुको सट्टा विगतभन्दा जिम्मेवार भएर देश र जनताको सेवामा लाग्ने अर्ती-बुद्धि दिनु श्रेयस्कर हुन्छ। चमचाहरू ओइरो लागेर देउवालाई बधाई दिएको देख्दा हाँसो उठ्छ।**

राणा शासनकालमा रोलक्रम अनुसार प्रधानमन्त्री (श्री ३) बन्ने चलन थियो। पञ्चायती व्यवस्थामा राजाले पत्याएकाहरू प्रधानमन्त्री बन्न पाउँथे। लोकतन्त्रमा जनादेशको कदर गर्दै प्रधानमन्त्री नियुक्त गर्ने चलन थियो। गणतन्त्र नेपालमा अदालती परमादेशबाट प्रधानमन्त्री नियुक्त गर्ने चलन चल्यो। यस अघि पूर्वराजा ज्ञानेन्द्रको हुकुमबाट प्रधानमन्त्री बनेका देउवा, जनादेशको आधारमा पनि प्रधानमन्त्री बने, अहिले सर्वोच्चको परमादेशबाट यो सौभाग्य प्राप्त गरे। आफूले मागेको खेलौना नपाउँदा झगडा गर्ने केटाकेटीहरू आफूले चाहेको खेलौना पाउँदा दङ्ग परेझैं देउवा अहिले दङ्ग छन् भने ओली खेलौना खोसिएको केटाकेटी झैं बिलौना गर्दैछन्।

नेपाली राजनीति सदा व्यक्तिगत झगडामा अल्झिरहेको देखिन्छ। राणाकालमा श्री ३ बन्न पारिवारिक कलह हुने, डाँडा कटाउने चलन थियो। पञ्चायतकालमा दरबारिया भाइ भारदारहरूको कोपभाजनको शिकार हुने र अचेल ओली, माधव, प्रचण्ड र देउवा, पौडेलको हानाथाप कसैसँग छिपेको छैन। व्यवस्था पटक-पटक परिवर्तन भए पनि नेतृत्वमा जानेहरूको आचरण कमोबेस उस्तैउस्तै छ। मुलुकमा ओलीकाल अन्त्य भई देउवाकाल शुरू भएको छ। पटक-पटक (पाँचपटक) प्रधानमन्त्री बनिसकेका देउवाको आचरण हामीलाई थाहै छ। सियार उहे ह, पोछवा रङागइल बा। कुर्सीका खातिर पार्टी विभाजन गर्ने, राजा ज्ञानेन्द्रसँग हिमचिम गर्ने, पुनः पार्टीमा फर्कने, झर्ला र खाउँला भन्दै अदालतको ताबेदारी गर्ने, पार्टी कब्जा गर्ने आदि इत्यादि कर्म गर्न देउवा खप्पीस मानिन्छन्।

ओली प्रधानमन्त्री बन्दा माधव नेपालको निद्रा हराम भएझैं देउवा प्रधानमन्त्री बन्दा रामचन्द्र पौडेल कालोनीलो भएका छन्। पृथ्वीनारायण शाहको आधुनिक नेपाल कालदेखि अहिलेसम्म नेपालको प्रधानमन्त्री बन्न कुनै खास योग्यताको आवश्यकता पर्दैन। सधैं अयोग्यहरूले प्रधानमन्त्री पद ओगट्नाले अहिलेसम्म यी अयोग्यहरूले आफ्नो पाँच वर्षे कार्यकाल पूरा गर्न नसकेको सबैलाई थाहै छ। अयोग्यताको योभन्दा ठूलो प्रमाण के नै होला र ? नेपालमा उहिलदेखि नै प्रधानमन्त्री बन्ने जो कोहीको विपक्षमा षड्यन्त्र र ढाल्ने तानाबाना नियुक्तिको दिनदेखि नै आरम्भ हुन्छ। यिनै देउवाले प्रधानमन्त्रीमा टिकिराख्न पुरुष सांसदहरूलाई सुत्केरी भत्ता, पजेरो, प्राडो सुविधा दिएर विगतमा राम्रै बदनामी कमाएका थिए। राजा वीरेन्द्रलाई रानी ऐश्वर्याले ओभरटेक गरेझैं आरजु राणाको अगाडि देउवाको एक चल्दैन रे ! नेपाली काङ्ग्रेसमा देउवाको छवि राम्रो छैन। यिनको भरपर्दो सारथि विमलेन्द्र निधिले यिनको साथ छाडिसकेका छन्। विपी पुत्र शशाङ्क, गणेशमान पुत्र प्रकाशमान र महेन्द्रनारायण निधिका पुत्र विमलेन्द्र निधि र सिटौलाहरू देउवाको पत्ता साफ गर्न एकजुट देखिन्छन्। रामचन्द्र पौडेल देउवाको सदाबहार प्रतिपक्षी हुन्। यस्तो सङ्कटपूर्ण अवस्थामा प्रधानमन्त्रीको कुर्सी र महाधिवेशनको सफल छलाङ लगाउन देउवा सामु ठूलै चुनौती छ। त्यसो त आम नेपाली जनताले देउवाबाट मुलुकमा कुनै चमत्कार होला भन्ने आशा नै राखेको छैन। तर पनि देउवा पक्षीय कार्यकर्ताहरूमा चञ्चलता देखिन थालिसकेको छ। चार दिन की चाँदनी भनेको यही हो।

अचेल त नेपालमा गरिमामय राष्ट्रपति पद र प्रधान न्यायाधीशसम्मलाई बाँकी राखिंदैन। राष्ट्रपतिलाई तथानाम भनेर र चोलेन्द्र शम्शेर जबराको त पुत्लासमेत दहन भइरहेको छ। देउवा पटकपटक चुनौतीपूर्ण अवस्थामा प्रधानमन्त्री बनेका र पद अनुसार आचरण र कर्म गर्न नसकेका व्यक्तित्व हुन्। राजा ज्ञानेन्द्रले यिनलाई अक्षम भन्दै बर्खास्त गरेकै हुन्। अर्थोक क्यै गर्न नसके पनि महाधिवेशन अघि परमादेशबाट पाएको प्रधानमन्त्रीको पदले उनलाई पुनः पार्टी सभापतिमा विजय हासिल गर्न सहज हुने प्रस्ट देखिन्छ। त्यस्तै अब छोरा जयवीरलाई समेत टाङमुनिबाट राजनीतिमा छिराउने सुवर्ण अवसर जुरेको छ। पत्नीपछि छोरा क्याबात !

माधव नेपालको विभीषणमुखी भूमिकाले ओली चारोखाना चित्त भएका छन्। एमालेबाट अब माधव नेपाल भन्ने नाम सदाका लागि टिपेक्स लाग्ने पक्कापक्की र एमाले अब आफ्नो पुरानो र तगडा स्वास्थ्यमा फर्कन पनि निकै पापड बेल्नुपर्ने स्पष्ट छ।

नयाँ प्रधानमन्त्री देउवाले मुलुक र जनताभन्दा महाधिवेशनलाई ध्यानमा राखी काम गर्ने पक्कापक्की भएकोले आम नेपाली जनताले कोरोना, महँगी, भ्रष्टाचार र कुव्यवस्था झेल्नुपर्ने स्पष्ट देखिन थालेको छ।

पटकपटक प्रधानमन्त्रीको पगडी भिरिसकेका देउवालाई बधाई दिनुको सट्टा विगतभन्दा जिम्मेवार भएर देश र जनताको सेवामा लाग्ने अर्ती-बुद्धि दिनु श्रेयस्कर हुन्छ। चमचाहरू ओइरो लागेर देउवालाई बधाई दिएको देख्दा हाँसो उठ्छ। निकै ठूलो तामझाम र लावालस्कर लिएर बालुवा छाड्ने ओली र निकै ठूलो हल्लाखल्लाका साथ पदमा आसीन देउवाबीच खासै अन्तर छैन। अस्तिसम्म देउवा त ओलीकै पेटेन्ट थिए। विपी कोइरालाले भनेजस्तो देउवा कुर्सीमा बस्ने अन्धो मान्छे नबनून्।

## पत्रकार महासङ्घ पर्साको टोलीलाई झारखण्डमा सम्मान

प्रस, वीरगंज, १२ साउन/

भारतको झारखण्डस्थित राजकीय छउ कला केन्द्रले नेपाल पत्रकार महासङ्घ, पर्साको टोलीलाई स्वागत तथा सम्मान गरेको छ।

कला केन्द्रका निर्देशक तपन पटनायरले मङ्गलवार महासङ्घ पर्साको टोलीलाई स्वागत तथा सम्मान गरेको हो। टोलीमा महासङ्घ पर्साका अध्यक्ष अनुप तिवारी, सचिव भूषण यादव,


तस्वीरः सौजन्य

सहसचिव जीतेन्द्र साह, कोषाध्यक्ष सञ्जीव मिश्र, सदस्य तिवारी यादव, श्याम कुशवाहा, राष्ट्रिय परिषद् सदस्य विजय कुशवाहा र प्रदेश परिषद् सदस्य प्रकाश तिवारी छन्।

सो अवसरमा झारखण्ड प्रान्तको सरायकेला खर्सहवास्थित राजकीय कला केन्द्रको प्रदर्शनी कक्षबारे पटनायरले जानकारी गराएका थिए।

सम्मानको क्रममा निर्देशक पटनायरले महासङ्घका पदाधिकारीहरूलाई छउ कलाको मुखौटा प्रदान गरे। सो अवसरमा झारखण्डको सांस्कृतिक कला छउ नृत्य प्रदर्शन गरिएको थियो।

कार्यक्रममा प्रेस क्लब सरायकेला खरसहवाका अध्यक्ष मनमोहन सिंह र प्रेस क्लबका पदाधिकारी सदस्यहरूको सहभागिता रहेको टोलीमा सहभागी महासङ्घका सचिव यादवले जानकारी गराए।

### आजको राशिफल

| | |
|---|---|
| मेष – बेचैनी | वृष – मनोरञ्जन |
| मिथुन – सफलता | कर्कट – स्वस्थता |
| सिंह – वादविवाद | कन्या – यात्रालाभ |
| तुला – कडापरिश्रम | वृश्चिक – ज्ञानोदय |
| धनु – उदरपीडा | मकर – विजय |
| कुम्भ – कान्तिक्षय | मीन – भाग्योदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


**ओशियन ट्रेडिङ्ग कन्सर्न**

वीरगंज-१८, पर्सा

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP)**

यस फर्म कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्नबमोजिम भएको बेहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| सि.नं. | मालवस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडेल | क्षमता | उत्पादित मुलुक | एकाइ | प्रतिएकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Electric Tricycle Big Cargo with Batteries | Three wheeler | JT | Big Cargo | 1 Ton | China | 1 Pcs | 2,57,408.11 | 2,57,408.11 | |

विक्रेता फर्म नामः ओशियन ट्रेडिङ्ग कन्सर्न, ठेगानाः वीरगंज-१८, पर्सा, पान नं. 304750467, एक्जिम कोड - 3047504670137NP, Mobile No. 9807195112

# पर्सागढी नगरपालिकामा पत्रकार सम्मेलन


बलिराम शुक्ला, बिरूवागुठी, १२ साउन/

पर्साको पर्सागढी नगरपालिकाविरुद्ध केही दिनदेखि विभिन्न सञ्चारमाध्यमबाट समाचार आइरहेको भन्दै नगरपालिकाकाले पत्रकार सम्मेलन गरेको छ। वडा नं ८ वडा समितिको सभाकक्षमा सोमवार पत्रकार सम्मेलन गरिएको थियो।

पालिकाका लेखा अधिकृत रामकुमार कुशवाहाले पालिकालाई बन्धक बनाउन खोजेको र सोविरुद्ध पालिकाले सजगता अपनाउँदा पालिकामाथि विभिन्न आरोप लगाउँदै बदनाम गरिएको नगरप्रमुख लोकनारायण यादवले पत्रकार सम्मेलनमा आरोप लगाए। कार्यक्रममा पालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत भरत यादव, सम्बन्धित वडाका अध्यक्ष, नगरका प्रवक्ता तथा वडाध्यक्ष किसुनदेव यादवले पत्रकारहरूले सोधेका प्रश्नको जवाफ दिएका थिए।

सो अवसरमा उनीहरूले लेखा अधिकृत कुशवाहाले पालिकालाई



पर्सागढी नपाले आयोजना गरेको पत्रकार सम्मेलन र जिल्ला समन्वय समितिमा काज सरुवा भएको पत्र। तस्वीरः प्रतीक

अप्ठ्यारोमा पारी रकम फ्रिज गराउन उद्दत रहेको भन्दै लेखाको कम्प्युटरको पासवर्ड परिवर्तन गरेको, मोबाइलको स्वीचसमेत अफ गरी कार्यालयलाई जानकारीसमेत नदिई फरार रहेको बताए। असार ३० गते आफ्नजीकका व्यक्तिको चेक बनाएर बाँकीलाई अलपत्र पारी लेखापाल फरार भएको पालिकाका पदाधिकारीहरूको भनाई थियो।

हाल विभागमा रहेका लेखा अधिकृत कुशवाहालाई सोध्दा उनले पालिका पदाधिकारीहरूको भनाइको खण्डन गरेका छन्। आफूले नियम अनुसार मिल्ने सबैको चेक बनाइदिएको र पालिकामा आफ्नो नजीक र टाढा भन्ने कोही नभएको बताए। उनले लेखासम्बन्धी कम्प्युटरको पासवर्ड अर्को लेखा अधिकृतलाई हस्तान्तरण गर्नुपर्ने र त्यो कुनै जनप्रतिनिधि वा कर्मचारीलाई दिन नमिल्ने कोलेनिकाको सामान्य निर्देशन पनि पालिकाका पदाधिकारीलाई थाहा नहुनु लाजमर्दो कुरा भएको भन्दै आफूपछि कार्यभार सम्हाल्न आउने लेखा अधिकृतलाई पासवर्ड हस्तान्तरण गर्ने प्रस्ट पारेका छन्।

आफू कहिल्यै गोप्य नरहेको र आफ्नो जुनसुकै समय लाग्ने मोबाइल नं पालिकाका पदाधिकारीहरूलाई थाहा रहेको भन्दै उनले नलाग्ने र आफूले प्रयोग नै नगरेको नम्बर पालिकाले सञ्चारकर्मीलाई दिएको हुन सक्ने बताए। आफ्नो दरबन्दी पर्सागढीमा नै रहेको भए तापनि पालिकाले जबरजस्ती मन्त्रालयमा पठाएको र मन्त्रालयले तीन महीनाको काजमा जिल्ला समन्वय समिति पर्सामा पठाएको जानकारी गराउँदै अधिकृत कुशवाहले फरार शब्दमा आपत्ति प्रकट गरेका थिए।

# ठोरी गाउँपालिकामा शिक्षक कर्मचारीको प्रदर्शन

प्रस, ठोरी, १२ साउन/

एकीकृत अखिल नेपाल शिक्षक सङ्गठन ठोरीको संयोजनमा विभिन्न पेशागत माग राख्दै ठोरी गाउँपालिका कार्यालयअगाडि शिक्षक एवं विद्यालय कर्मचारीहरूले प्रदर्शन गरेका छन्।

ठोरीको स्थगित गाउँसभा पुनः शुरू हुन लागेको पूर्वसन्ध्यामा सङ्गठनमा आबद्ध शिक्षक तथा बालविकास सहयोगी र विद्यालय कर्मचारीले प्लेकार्डसहित प्रदर्शन गरेका हुन्। गत असार ३१ गते स्थगित भएको सभा बुधवार हुन लागेको छ। त्यसैको तयारीमा मङ्गलवार गाउँ कार्यपालिका कार्यालय घ्याङडाँडामा गाउँ कार्यपालिकाको बैठक जारी भएको समयमा शिक्षकले प्रदर्शन गरेका हुन्।

छैटौं गाउँसभामा ठोरीमा कार्यरत सङ्घीय र गापाको अनुदानमा कार्यरत बालविकास सहयोगी, स्वयंसेवक शिक्षक, कार्यालय सहायक र कार्यालय सहयोगीको पारिश्रमिक वृद्धि गर्नुपर्ने, तत्काल




तस्वीरः प्रतीक

विद्यालयमा पठनपाठन शुरू गर्नुपर्ने, शिक्षकलाई तालीम र अध्ययन भ्रमणको व्यवस्था गर्नुपर्ने, शिक्षक र कर्मचारीलाई कोभिडविरूद्ध खोपको व्यवस्था गर्नुपर्ने माग राख्दै प्रदर्शन गरिएको सङ्गठनका अध्यक्ष दीपेन्द्र सापकोटाले जानकारी दिए।

पालिका कार्यालयमा भेला भएका शिक्षकहरूले विभिन्न पेशागत माग लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए। छैटौं गाउँसभामा आफूहरूको माग सम्बोधन गराउन दबाब दिने उद्देश्यले प्रदर्शन गरिएको अध्यक्ष सापकोटाले बताए।

गत आइतवार पनि सङ्गठनले विभिन्न पेशागत माग राख्दै गाउँपालिका अध्यक्ष पद्मलाल श्रेष्ठलाई ज्ञापनपत्र बुझाएको थियो। गाउँसभाबाट शिक्षकको माग सम्बोधन गर्न बजेटको व्यवस्था गर्नुपर्ने सङ्गठनको माग छ। ठोरीमा सङ्घीय अनुदानमा कार्यरत बालविकास सहयोगी, कार्यालय सहयोगी तथा सहायकका अतिरिक्त पालिकाको अनुदानमा मासिक रू ६ हजार तलब पाउने गरी २१ जना बालविकास सहयोगी तथा आधारभूत र माध्यमिक विद्यालयमा १३ जना स्वयंसेवक शिक्षक कार्यरत छन्।




# मदर्सामा शैक्षिक सामग्री वितरण

प्रस, पंचगावाँ, १२ साउन/

पटेर्वासुगौली गाउँपालिका–१ स्थित मदर्सा सुलेमानिया दारुल उलुउ गदियानीमा शैक्षिक सामग्री वितरण गरिएको छ।

बालविकासदेखि कक्षा ४ सम्मका बालबालिकाहरूलाई पाठ्यपुस्तक र शैक्षिक सामग्री वडाध्यक्ष फरमान मियाँ अन्सारी र प्रधानाध्यापक सैफुलाह मियाँले वितरण गरेका थिए।

# २७ किलो गाँजासहित माझी पक्राउ

प्रस, पंचगावाँ, १२ साउन/

पटेर्वासुगौली गाउँपालिकाबाट गाँजासहित एकजना पक्राउ परेका छन्।


इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापा नेतृत्वको गस्ती टोलीले मङ्गलवार राति ९ बजे पटेर्वासुगौली गापा–४ को दक्षिणपट्टि रहेको पोखरीनजीकैबाट दुईवटा बोरामा रहेको २७ किलो गाँजासहित स्थानीय ६० वर्षका वासुदेव माझीलाई पक्राउ गरेको हो।

पक्राउ गरिएको गाँजासहित माझीलाई आवश्यक कारबाईको लागि जिल्ला प्रहरी कार्यालय, पर्सामा पठाउने प्रनि थापाले बताए।

# खेलकूदको संसार

## ओलम्पिकमा एलेक्सको नयाँ राष्ट्रिय कीर्तिमान

काठमाडौं, १२ साउन/




जापानको टोकियोमा आयोजना भइरहेको ३२औं गृष्मकालीन ओलम्पिक अन्तर्गत पौडी खेलमा एलेक्जेन्डर गाडेगार्ड शाह (एलेक्स)ले पुरुष १०० मिटर फ्रिस्टाइलमा नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन्।

टोकियोको एक्वेटिक सेन्टरमा मङ्गलवार भएको खेलमा हिट चरणमा एलेक्सले निर्धारित दूरी ५३.४१ सेकेन्डमा पूरा गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका हुन्। उनले यसअघि आफ्नै नाममा रहेको ५५.३८ सेकेन्डको कीर्तिमान सुधार गरेका हुन्। एलेक्सको अर्को चरणमा पुग्ने सम्भावना भने सकिएको छ। हिट चरणबाट कम समयमा पूरा गर्ने शीर्ष १६ खेलाडीले सेमिफाइनलको यात्रा तय गर्नेछन्। एलेक्सले दक्षिण एशियाका भुटान, माल्दिभ्स र पाकिस्तानका खेलाडीसहित १० जनालाई भने पछि पारे।

त्यस्तै, नेपालकी अर्की खेलाडी गौरिका सिंहले भोलि प्रतिस्पर्धा गर्नेछिन्। उनले १०० मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गर्नेछिन्। यसअघि शनिवार भएको खेलमा नेपालकी जुडो खेलाडी सोनिया भट्ट र सुटिङकी कल्पना परियार छनोट चरणबाट बाहिरिसकेका छन्। सोनियाले ४८ किलो तौल समूहमा र सुटिङकी कल्पनाले १० मिटर एयर राइफलमा प्रतिस्पर्धा गरेका थिए।

# निजगढ-रतनपुर सडक लालखोलाले भत्कायो

प्रस, निजगढ, १२ साउन/

निजगढ नगरपालिकाको निजगढ र वडाध्यक्ष पद्मबहादुर मोक्तानको जिम्मा लगाएको थियो। गर्नुपर्ने भएपनि वर्षायाममा नै गर्ने कार्य उपयुक्त नरहेको सचेत स्थानीयहरूले



निजगढ नपा–१० स्थित लालखोलामा आएको बाढीले निजगढ–रतनपुरी जोड्ने कालोपत्र सडक कटान गर्दै। तस्वीरः प्रतीक

रतनपुर जोड्ने कालोपत्रे सडक लालखोलाले कटान गरेको छ। वर्षामा खोलामा आएको भेलबाढी माथिल्लो सतह नाघेर सडकबाट बग्दा सडकका विभिन्न स्थानमा कालोपत्रे भत्किएको हो।

सडकको किनारातर्फ पानीले कटान गरेर भत्किने क्रम जारी छ। निजगढ नपाबाट २५ लाख रकम लालखोलाका लागि विनियोजन भएपनि सो रकमबाट भरपर्दो तटबन्ध नगरिएको कारण सडक कटानमा परेको स्थानीयले बताएका छन्। उक्त रकमबाट खोलाको दायाँ/बायाँ एक्साभेटरको प्रयोग गरी बालुवाको ड्याम लगाइएको थियो। बालुवाको ड्याम नदीले बगाएर सडक कटान शुरू गरेको हो। अति आवश्यक स्थानमा तारजाली नै भर्न पुग्ने रकम रहँदा पनि कार्यकर्ता पोस्नका लागि जनप्रतिनिधिहरूले बालुवाको ड्याम बनाउन लगाएकाले समस्या निम्तिएको रतनपुरीका बासिन्दाहरूले टिप्पणी गरेका छन्।

अर्कोतर्फ तारजालीको तटबन्ध गरिएको क्षेत्रमा पनि नदीले कटान गरेको छ। नदीको बहाव, माटोको प्रकार र धरातल हेरेर उपयुक्त स्थानमा तटबन्ध गर्नुपर्नेमा जथाभावी तटबन्ध गर्दा निष्प्रभावी भएको हो। गत वर्ष राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समिति कार्यक्रम कार्यान्वयन एकाइ भरतपुर चितवनले तटबन्ध गर्दा समयमा प्रयोग गर्न नसकेपछि बाँकी रहेको १३७ थान तारजाली निजगढ नपा–१० लालका

यसपालि वर्षामा उक्त तारजाली लालखोलामा प्रयोग गरिए पनि खासै प्रभावकारी हुन सकेन। बाढीले तटबन्धका केही भाग बगाएको छ भने कटानबाट बाँकी रहेको बालुवाको अधिकांश ड्यामको निशाना अहिले हराउनसमेत थालेको छ।

उचित तटबन्ध नगरिएको कारण लालखोलामा निर्माण अन्तिम चरणमा पुगेको झोलुङ्गे पुलको दायाँ/बायाँको तारजालीसहितको तटबन्ध बगाएर खोलाबीचमा ल्याएको छ। वर्षायाममा विपत् व्यवस्थापनको लागि निजगढ नपा–१३ मा करीब १३/१४ सय मिटर ग्रेभलको ड्याम बनाउने कार्य भएको वडाध्यक्ष सूर्य घलानले जानकारी दिए।

पसाहाको शक्ति खोला, भक्तलाल खोला, पानी सरा खोला, भालु खोलामा ड्याम लगाए पनि लगभग ३/४ सय मिटर बाढीले कटान गर्दै बगाएको उनले बताएका छन्। वर्षायाममा विपत् व्यवस्थापनको नाउँमा गरिएको खोलाको तटबन्ध, ड्यामका अधिकांश कार्य बालुवामा पानी खन्याए सरह भएको निजगढ नपाका नागरिकहरूको भनाइ छ। खोलामा तटबन्ध उपयुक्त समयमा

बताए। यसरी वर्षायाममा तटबन्ध, ड्यामका लागि १ करोडभन्दा बढी रकम खर्च भएको हुन सक्ने अनुमान छ। यसरी लगाइएका तटबन्धहरूको आधाजसो भाग बाढीले कटान गरिसकेको छ। वर्षामा यस्ता खाले तटबन्ध निर्माण गरी प्राविधिकलाई मूल्याङ्कन गरी रकम निकासा गर्न तटबन्ध निर्माण समितिहरूबाट बारम्बार ताकेता गर्दै आए पनि प्राविधिक आफू फस्न सक्ने डरले मूल्याङ्कन गर्न सकेका छैनन्।

"उपभोक्ता समितिहरू आफूखुशी काम गर्छन्। कतिपयले काम शुरू कहिले गर्नेबारे जानकारीसमेत दिंदैनन्। जबर जस्ती मूल्याङ्कन गर्न भन्छन्। जागीर दाउमा राखेर काम गर्न सकिंदैन," निजगढ नपाका प्राविधिकहरू बताउँछन्।

यता विपत् व्यवस्थापनको नाउँमा वर्षामा हतारमा काम गर्दा एकातिर कामको जस नपाइने र भुक्तानी लिनसमेत समस्या हुने हुँदा यस वर्ष यस्ता प्रकृतिको बजेटमा खोलामा तटबन्धको काम शुरू नगरेको निजगढ नपा–१ का अध्यक्ष मङ्गल लोप्चनले बताए। दिगो र टिकाउ खालको तटबन्धमा जोड दिनुपर्ने उनको सुझाव छ।

# हात्तीको दारासहित तीनजना पक्राउ

प्रस, परवानीपुर, १२ साउन/

बारा प्रहरीले अवैधरूपमा वन्यजन्तु हात्तीको दारा तस्करी गर्ने गिरोहलाई पक्राउ गरेको छ।



पक्राउ पर्नेमा निजगढ नपा–११ रतनपुरीका ३४ वर्षीय सूर्यप्रसाद तामाङ, सोही स्थानका ३५ वर्षीय दिलबहादुर घलान, हेटौंडा उपमहानगरपालिका वडा नं ११ बस्ने वर्ष ३५ का सुवास तामाङ रहेका छन्।

सोमवार साँझ साढे ६ बजे जीतपुरसिमरा उपमहानगरपलिका वडा नं २२ दुई नम्बर पुलनजीकै इलाका प्रहरी कार्यालय अमलेखगंजको टोलीले गोप्य सूचनाको आधारमा चेकजाँच गर्दा ना.५०प १२२७ नम्बरको मोटरसाइकलमा प्लास्टिकको बोरामा लुकाइछिपाइ हेटौंडाबाट पथलैयातर्फ आउने क्रममा मोटरसाइकलको सिटबाट हात्तीको दारा बरामद भएपछि उनीहरूलाई नियन्त्रणमा लिएको थियो।

प्रहरीले ३ फिट ५ इन्च लामो, १ फिट गोलाइ भएको करीब ८ किलो ४४० ग्राम तौल भएको हात्तीको दारा बरामद गरेको थियो। बारा प्रहरीले हात्तीको दारा, मोटरसाइकलसहित तीनैजनालाई आवश्यक कारबाहीको लागि पर्सा राष्ट्रिय निकुञ्जमा पठाएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक गौतम मिश्रले जानकारी गराए।